थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
५ नं. प्रदेश, नेपाल ।

## गाँउपालिकाको सभाहल सहितको प्रशासनिक भवन लगायत अन्य भौतिक संरचना निर्माण गर्नको लागि निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी सूचना

*सूचना नं. १८/०७५/०७६ प्रथम पटक प्रकाशित मिति : २०७५।१२।२६*

संघीय गणतन्त्र नेपालले आफ्नै सार्वभौमिक संविधानको निर्माण गरी विभिन्न संघीय संचरनाको निर्माणको साथ साथै केन्द्रबाट प्रदान भईरहेका सार्वजनिक सेवाहरु संघियताको मूल मर्म अनुरुप केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरेको कुरा यहाँहरुलाई विदितै छ । यसै सन्दर्भमा हाल यस थबाङ गाँउपालिकाको आफ्नै जग्गा नभएको हुँदा सभाहल सहितको प्रशासनिक भवन लगायत अन्य भौतिक संरचनाहरुको निर्माण गर्नको लागि जग्गाको व्यवस्थापन गर्न मिति २०७५।१२।२६ गते यस थबाङ गाँउपालिका अन्तर्गतको जनप्रतिनिधीज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, स्थानीय बुद्धिजिवी, समाजसेवी लगायत विभिन्न सरोकारवालाको उपस्थितिमा बैठक वसी *थबाङ गाँउपालिकाको प्रशासनिक भवन लगायत अन्य भौतिक संरचनाहरुको निर्माण गर्नको लागि जग्गा दाताले निःशुल्क जग्गा दान गर्न गाउँपालिकाको कार्यालयले १५ दिने सूचना प्रकाशन गरी गोबाङ, झुकेबाङ र विबाङ क्षेत्र भित्रका जग्गा धनिहरुले निवेदन दिने* भनि भएको निर्णय बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र निम्न कागजातहरु संलग्न राखि ईच्छुक जग्गा दाताहरुले निवेदन पेश गर्नु हुन संम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

संलग्न गर्नुपर्ने कागजातहरु :-

१. जग्गा धनिको प्रमाणपत्रको प्रतिलिपी ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. जग्गाको कित्ता नं. र दिन खोजेको जग्गाको क्षेत्रफल खुलाई व्यक्तिगत निवेदन ।
४. आ.ब.२०७५/७६ को जग्गाको कर तिरेको रसिदको प्रतिलिपी ।

२०७५।१२।२६

(रेवत बहादुर बुढाथोकी)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क : ९८५७८२४७५०, www.facebook.com/thabangruralmunicipal
email.thabangrm58@gmail.com, www.thabangmun.gov.np/